# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४      संख्या : ५१    मितिः २०८०/०१/०४


## भाग - ३

## टीकापुर नगरपालिकाको जनतासँग मेयर/उप-मेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

स्वीकृत मितिः २०७९/१२/२०
प्रमाणित मितिः २०७९/१२/२९

**प्रस्तावना :**

स्थानीय सरकार प्रति जनताको अपेक्षा र चाहानाको अभिवद्धि संगै जनताका आधारभूत आवश्यक्ता परिपूर्ति गर्ने तर्फ स्थानीय सरकारले विविध कार्यक्रम संचालन गरि रहेको परिपेक्षमा जनताका समस्या, विकासका आवश्य्कता तथा भोगिरहेका कठिनाईहरुलाई सहज, सरल, छिटो छरितो प्रभावकारी ढंगले संचालन गर्न, स्थानीय सरकार र जनता विचको सम्वन्ध प्रगाढ बनाउनुका साथै सरकार प्रति विश्वास अभिवृद्धि गर्न जनताको आशा र भरोसाको केन्द्रको रुपमा विकास गर्न, जनता र सरकार वीच आपसी समन्वय र सहकार्य बृद्धि गर्न टीकापुर नगरपालिकाको नगर सभाबाट जनता संग मेयर/उपमेयर कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी साथै जनतालाई प्रत्येक्ष फाईदा पुग्ने योजना /कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले,

टीकापुर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम टीकापुर नगरपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम टीकापुर नगरपालिकाको जनता संग मेयर/ उप मेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ रहेको छ।

(ख) यो कार्यविधि टीकापुर नगरपालिका नगर कार्यपालिका बाट स्वीकृत भै राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,–

(क) "कार्यविधि"भन्नाले टीकापुर नगरपालिकाको जनता संग मेयर/उप मेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्दछ।

(ख) "कार्यक्रम"भन्नाले टीकापुर नगरपालिकाको जनता संग मेयर/ उप मेयर कार्यक्रम सम्झनु पर्दछ।

(ग) "कार्यपालिका"भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रमख"भन्नाले टीकापुर नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ङ) "उप प्रमुख"भन्नाले टीकापुर नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले टीकापुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(छ) "समिति"भन्नाले टीकापुर नगरपालिकाको जनता संग मेयर/ उप मेयर कार्यक्रम व्यवस्थापन तथा संचालन समिति सम्झनु पर्दछ।

(ज) "उपभोक्ता समिति"भन्नाले आयोजना कार्यान्वयन स्थलका आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायबाट प्रचलित कानून बमोजिम छनौट भई आयोजना सम्पन्न गर्न गठन भएको जिम्मेवार समितिलाई सम्झनु पर्दछ।

(झ) "अनुगमन समिति"भन्नाले नगर कार्यपालिकाले गठन गरेको अनुगमन समितिलाई सम्झनु पर्दछ।

(ञ) "पूर्वाधार विकास समिति"भन्नाले नगर कार्यपालिकाले गठन गरेको पूर्वाधार विकास समितिलाई सम्झनु पर्नेछ।

(ट) "आर्थिक विकास समिति"भन्नाले नगर कार्यपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनु पर्नेछ।

(ठ) "सामाजिक विकास समिति"भन्नाले नगर कार्यपालिकाले गठन गरेको सामजिक विकास समितिलाई सम्झनु पर्नेछ।

## परिच्छेद –२
## आयोजना संचालन गरिने क्षेत्रहरु

**३.आयोजना संचालनगरिने क्षेत्रहरुः** जनता संग मेयर तथा उप मेयर कार्यक्रमलाई प्रभावकारीढंगले संचालन गर्नका लागि पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक क्षेत्र, शिक्षा तथा स्वास्थ्यय, विपत व्यवस्थापन संग सम्बन्धित तथा प्रासंगिक भएका विषय क्षेत्रलाई

अध्ययन बनाई टीकापुर नगरपालिकाले देहायका योजना/आयोजना/कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**(क) पूर्वाधार विकास**ः नगरपालिका अर्न्तगत रहेका ग्रामीण सडक, कृषि सडक, निर्माण तथा मर्मत, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत, साना सिंचाई निर्माण तथा मर्मत, सार्वजनिक शौचालय निर्माण, सार्वजनिक भवन निर्माण तथा मर्मत संभार, घेरावार, रंगरोगन, खानेपानी आयोजना निर्माण तथा मर्मत, तटवन्ध आदी ।

**(ख) आर्थिक विकास** : कृषि ,पशु, सहकारी क्षेत्रको सम्भावनाहरुलाई मध्यनजर गरी ति क्षेत्रको विकासका लागी व्यवसायिक कृषक/कृषक समूह/सहकारी संस्थाहरुको मागको आधारमा एकमुष्ठ अनुदान कार्यक्रमा पर्यटन क्षेत्रको पहिचान र विकासका लागी संभावित क्षेत्रमा पूर्वाधार निर्माण तथा सामाजिक साँस्कृतिक पहिचानको संरक्षण र संम्वर्धन गर्ने खालका आयोजनाहरु, सहकारी क्षेत्रको विकासका लागी सहकारी संस्थाको सुदृढीकरणका लागी अनुदान कार्यक्रमहरु ,

**(ग) सामाजिक विकास** : सामाजिक साँस्कृतिक पहिचानको संरक्षण र संम्वर्धन गर्ने खालका आयोजना तथा कार्यक्रमहरु बाल क्लव, समुह, संघ संस्था, पत्र पत्रिका, रेडियो, आमा समुह, धार्मीक क्षेत्र लगायतका क्षेत्रको विकास तथा सुदृढीकरणका लागी अनुदान कार्यक्रमहरु ,

**(घ)** नगर प्रमुख तथा उप प्रमुखले पहिचान गरेका पूर्वाधार विकास आर्थिक विकास तथा सामाजिक विकास अर्न्तगत पर्ने अन्य योजना तथा कार्यक्रमहरु

## ४. आयोजना छनौट विधि वा प्रक्रिया :

**(क) आयोजना/कार्यक्रमका लागि बजेटको सुनिश्चतताः** टीकापुर नगरपालिकाको नगर सभाबाट जनता संग मेयर/ उप- मेयर कार्यक्रम अर्न्तगत विनियोजन गरिएको बजेट रकम ।

(ख) आयोजना/कार्यक्रम छनौटका लागि कार्यविधिमा उल्लेखित आयोजना/कार्यक्रम संचालनका क्षेत्रहरुमा उल्लिखित विषयहरुलाई मध्यनजर गर्दै नगरपालिका प्रमुख तथा उप प्रमुखले पहिचान गरेका, अनुगमनका क्रममा देखेका जरुरी माग सम्बन्धी निवेदन तथा अन्य आवश्यक ठानेका महत्वपूर्ण आयोजना /कार्यक्रमहरु र तत्कालै सम्बोधन गर्नु पर्ने जनताका अति आवश्यक आयोजना/कार्यक्रम छनौट गरिनेछ ।

(ग) यसरी छनौट गरेका आयोजना कार्यक्रमको लागि सोही कार्यक्रममा विनियोजन गरिएको बजेटबाट नगर कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित योजना/कार्यक्रममा रकम छुटयाईने छ । तर एक लाख वा एक लाखभन्दा कमका योजना तथा कार्यक्रमका लागि सोझै नगर प्रमुख तथा उप-प्रमुखको तोकादेशबाट उपलब्ध गराउन सकिने छ ।

(घ) **आयोजना/कार्यक्रम कार्यान्वयन विधि**: आयोजना/कार्यक्रम छनौट पश्चात पारदर्शी र प्रभावकारी रुपमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक प्रकृया अवलम्वन गरिनेछ ।

(ङ) **उपभोक्ता समिति मार्फत** : निर्माण सम्बन्धी कार्यलाई उपभोक्ता समिति मार्फत गर्न सकिने छ । उपभोक्ता समितिबाट कार्यक्रम कार्यान्वयन गर्दा टीकापुर नगरपालिकाले लागू गरेको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिका आधारमा गरिनेछ । उपभोक्ता समितिबाट गरिने कार्यको लागि रु. ५,००,०००। ( पांच लाख) सम्मको योजना तथा कार्यक्रम दिन सकिने छ । योजना तथा कार्यक्रम गर्दा नगरपालिकाको नियमानुसार जनसहभागिता हुनेछ । सो रकम नियमानुसार आवश्यक प्रक्रिया पुऱ्याई भुक्तानी गरिने छ । कार्यक्रम तथा योजना माग गर्दा लिखित निवेदन पेश गर्नु पर्ने छ ।

(च) **समुह संघ संस्था मार्फत:** वेरोजगारी अन्त्य गर्नका लागी वेरोजगार व्यक्तिहरु तथा स्वदेश तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु समेतले आपसमा मिलि नियमानुसार गठन भएको समुह, संघ संस्था मार्फत बढीमा रु. २,००,०००। (दुई लाख) सम्मको आयोजना/कार्यक्रम गर्न सकिनेछ । सो रकम नियमानुसार आवश्यक प्रक्रिया पुऱ्याई भुक्तानी गरिने छ । कार्यक्रम तथा योजना माग गर्दा लिखित निवेदन पेश गर्नु पर्ने छ ।

(छ) **एकमुष्ठ अनुदान मार्फत**: नगरपालिका प्रमखु तथा उप प्रमुखले पहिचान गरी आवश्यक ठानेका आयोजना/कार्यक्रम संचालनका क्षेत्रहरुमा उल्लिखित विषयमा बस्तुगत, यथार्थपरक र स्थलगत अनुगमन गरी त्यस्ता क्लव, संघ संस्था, समुह, सहकारी, पत्र पत्रिका, रेडियो, विद्यालय वा समुदायलाई एकमुष्ठ चालु प्रकृतिको कामको लागि बढीमा रु. १,००,०००। (एक लाख) सम्म अनुदान दिन सकिने छ । सो रकम नियमानुसार आवश्यक प्रक्रिया पुऱ्याई भुक्तानी गरिने छ । कार्यक्रम तथा योजना माग गर्दा लिखित निवेदन पेश गर्नु पर्ने छ ।

(ज) **लागत सहभागिताबाट**: आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, रोजगारी सृजना हुने, सामाजिक क्षेत्रका योजना तथा कार्यक्रम संचालन गर्न २५/७५ प्रतिशत रकम सहभागिता जनाउने प्रतिबद्धता सहित पूँजिगत प्रकृतिको काम गर्न कुनै संघ संस्था, समुह, सहकारी, विद्यालय, क्लब लगायतका क्षेत्रलाई बढीमा रु. २,५०००० /७,५०००० /–(दश लाख) सम्मको प्रस्तावना पेश गरेमा प्रमुख तथा उप प्रमुखले उपयुक्त ठानेमा स्वीकृत गरी कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रम तथा योजना माग गर्दा लिखित निवेदन पेश गर्नु पर्ने छ ।

**५.आयोजना/कार्यक्रमको फरफारक सम्बन्धी सूचना:** दफा ४ बमोजिम छनौट भई दफा ५ बमोजिम कार्यान्वयन हुने योजना/कार्यक्रमको भुक्तानी देहाय अनुसार हुने छ :

(क) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको फरफारक गर्दा वडा कार्यालयबाट कार्यक्रमको सिफारिस, उपभोक्ता समितिको खर्चको सार्वजनिकिकरण तथा सार्वजनिक सुनुवाई, प्राविधिकको मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन, योजना/कार्यक्रमको काम गर्नु पूर्व, काम हुँदै गरेको र काम सम्पन्न भएको अवस्थाको स्पष्ट देखिने तस्विर नगरपालिका स्तरीय अनुगमन/मूल्याङ्कन समितिको सिफारिश अनिवार्य पेश गर्नु पर्नेछ ।

(ख) समूह संघ संस्था मार्फत संचालित कार्यक्रमको फरफारक तथा रकम भुक्तानी बैंक मार्फत भुक्तानी गरिने छ । भुक्तानी भन्दा अगाडी वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, समूहले गरेको कामको सम्बन्धमा सम्बन्धित समूहले गरेको खर्चको विवरण, प्राविधिकको मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन लगायत संचालित योजना तथा कार्यक्रमको स्पष्ट देखिने तस्विर र कार्यविधिको दफा ८ बमोजिम गठित अनुगमन/मूल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

(ग) एकमुष्ठ अनुदान वितरण कार्यक्रमका लागि पुष्टयाई गर्ने आवश्यक कागजात वा प्रमाण, फोटो, संस्थाको निर्णय र विल भर्पाईको आधारमा नै अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिने छ ।

(घ) लागत सहभागितबाट संचालित कार्यक्रमको रकम पुष्टयाई गर्ने आवश्यक कागजात वा प्रमाण, अनुगमन/मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा बैंक खाता मार्फत भुक्तानी गरिने छ ।

## परिच्छेद–३

## व्यवस्थापन, संचालन तथा अनुगमन/मूल्याङ्कन समिति सम्बन्धि व्यवस्था

**६. जनता संग मेयर/उप-मेयर कार्यक्रम संग सम्बन्धित विषयको छनौट व्यवस्थापन तथा संचालन समिति :**

(१) कार्यक्रमको छनौट व्यवस्थापन तथा संचालन समिति देहाय बमोजिम रहने छ :

(क) नगर प्रमुख – अध्यक्ष

(ख) उप-प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) कार्यविधिको दफा ६ बमोजिम गठित समितिले आवश्यक्ता अनुसार बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिने छ ।

(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठक सम्बन्धि कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(६) बैठकमा उपस्थित भए वाफत विषय विज्ञलाई प्रति बैठक भत्ता वाफत रु. २,५००। (दुई हजार पांच सय) तथा पारवहन वाफत विल अनुसारको यातायात खर्च प्रदान गरिने छ ।

**८. अनुगमन/मूल्याङकन :**

जनता संग मेयर/उप मेयर कार्यक्रमको अनुगमन तथा मूल्याङकन नगरपालिकामा गठित अनुगमन तथा मूल्याङकन समितिले गर्ने छ । साथै अनुगमन समितिले गरेका कामको चौमासिक र बार्षिक प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ । अनुगमन समितिले दिएका रचनात्मक सुझावलाई ग्रहण गर्दै जनता संग मेयर/उप मेयर कार्यक्रमलाई बढी जनमुखी, प्रभावकारी र पारदर्शी बनाउदै अझै बढी परिस्कृत गर्दै लगिने छ ।

## परिच्छेद–४
## विविध

९. **बचाउ तथा खारेजी:** नगरपालिकामा यस अघी जनता संग मेयर /उप मेयर कार्यक्रम बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

१०. **कार्यविधिको व्याख्या गर्ने वा बाधा अडकाउ फुकाउने अधिकार** : कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

११. **प्रचलित कानून बमोजिम हुने:** जनता सँग मेयर तथा उप मेयर कार्यक्रम सम्बन्धी विषयमा यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुने छ ।

आज्ञाले,
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिको कार्यालय